Research Article
Bhairahawa Campus Journal, 6(1-2), 2023: 111–119
ISSN: 2795-1979
DOI: https://doi.org/10.3126/bhairahawacj.v6i1-2.65177

# नेपालका गुरुकुल तथा सार्वजनिक विद्यालय शिक्षामा स्थानीय शिक्षा सम्बन्धी नीतिगत अवस्था [1]

**बाबुराम भण्डारी**
**उप प्रा. भैरहवा ब.क्याम्पस**
*baburambhandari263@gmail.com*

**सरसंक्षेपः**

*नेपालको गुरुकुल तथा सार्वजनिक विद्यालय शिक्षामा स्थानीयता शिक्षा सम्बन्धी नीतिगत अवस्थाको के हो ? लेखाजोखा गर्नु अध्ययनको मुख्य समस्या हो । यस अध्ययनका सूचनाहरू द्वितीय स्रोतमा आधारित छन् । वर्णनात्मक विधिको माध्यमबाट तथ्य सूचनाहरूको गुणात्मक व्याख्या विश्लेषण गरिएको छ । नेपालमा विद्यालय शिक्षाको विकास अनियमित ढाँचावाट सुरु भई औपचारिक पद्धतिमा अगाडि बढेको देखिन्छ । स्थानीयता शिक्षा सम्बन्धी ऐतिहासिकताको अभ्यासमा केही घरायसी व्यवसाय, स्थानीय भाषाको प्रयोग, घरगृहस्थका कुरा, गुरु सन्देश, बुद्ध सन्देश, खस भाषा, सस्कृत भाषा र अग्रेजी भाषा स्थानीय शिक्षाका आधार थिए । आधुनिक शिक्षाको सुरुवात सँगै आधार पाठशालाका व्यवसायिक विषयहरू धागो कटाइ, बुनाइ, तरकारी खेती, छपाई काष्ठ कार्य धातु कार्य आदि विषयले स्थानीय शिक्षाको प्रतिनिधित्व गर्दथे । अहिले नेपालको विद्यालय शिक्षामा केन्द्रीकृत पाठ्यक्रम लागू छ भने स्थानीयता शिक्षा र स्थानीय पाठ्यक्रमलाई समानार्थी रूपमा लिने गरेको नीतिगत व्यवस्था र अभ्यासमा देखिन्छ । स्थानीय विषय वा पाठ्यक्रम निर्माणका लागि स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरिएको छ । शिक्षाका राष्ट्रिय नीति नियम छन् र तीनैको अधीनमा रही प्रदेश तथा स्थानीय सरकारहरूले स्थानीय शिक्षासम्बन्धी नीति निर्माण गरी लागु गर्न पाउने कानुनी व्यवस्था छ । एसियाका मुलुकहरू विशेषगरी भारत, जापान, चीन, मलेसिया र सिंगापुरमा स्थानीय ज्ञान सीप र सिकाइका लागि अलग्गै पाठ्यक्रम रहेको देखिँदैन । राष्ट्रिय पाठ्यक्रममा स्थानीय विषयवस्तु समावेश गरी सिकाईन्छ तर नेपालमा यो भन्दा भिन्न अभ्यास छ । विद्यालय शिक्षामा विकेन्द्रीकरणको मान्यता रहेपनि केन्द्रीकृत पाठ्यक्रम लागू छ । आधारभूत तहसम्मका लागि स्थानीय सरकार र सरोकारवाला स्थानीय निकायवाट छुट्टै स्थानीय पाठ्यक्रम निर्माणको व्यवस्था छ । स्थानिय शिक्षाका नीतिगत व्यवस्थाहरू पर्याप्त देखिएपनि यसको व्यवस्थापनमा परिवेश, लगानी र प्रक्रियागत पक्षमा अन्योल कायमै देखिन्छ । सरकारले मूलधारिकरणको मान्यतामा जोड दिए पनि सार्वजनिक विद्यालयहरू र परम्परागत विद्यालयहरूको शैक्षिक मान्यता फरक रहेकै कारण गुरुकुलहरूका अधिकांश विद्यालयमा स्थानीय पाठ्यक्रम भन्दा कर्मकाण्ड विषय अभ्यासमा पाइन्छ । स्थानीय पाठ्यक्रम निमार्णका नीति समयसापेक्ष भएपनि सार्वजनिक शिक्षातर्फ वढी केन्द्रित छन् । स्थानीयता शिक्षा वा स्थानीय पाठ्यक्रमका नीतिगत पक्षमा स्थानीय परिवेश, यसको लगानी पक्ष र कार्यान्वयन पक्षमा वाध्यकारी नीतिको खाँचो छ ।*

[1] Policy situation regarding local education in gurukul and public school education in Nepal

**मुख्य शब्दहरू:**

गुरुकुल शिक्षा, सार्वजनिक शिक्षा, विकेन्द्रीकरण, स्थानीय पाठ्यक्रम, स्थानीयता शिक्षा, नीतिगत पक्ष

## विषय परिचय:

शिक्षा हरेक देशको चौतर्फी विकासको लागि अति आवश्यक तत्व हो । अनौपचारिक एवम् अनियमित रूपमा परम्परागत अनुभव मूल्य, मान्यताको पुस्तान्तरण गर्दै शिक्षा दिने प्रचलन नेपालको प्राचीनकाल देखिकै अभ्यास हो । यस्तो परम्परागत शिक्षा मूलतः निजी क्षेत्रका सतत् प्रयासमा अविच्छिन्न रूपमा चल्दै आएका थिए । जसमा गुरुकुल, गोन्पा (गुम्बा) र मद्रसाजस्ता शिक्षा प्रणाली प्रमुख थिए यी मध्ये नेपालको शैक्षिक इतिहासमा गुरुकुल शिक्षा प्रणालीको विशिष्ट पहिचान छ (पाठ्यक्रम विकास केन्द्र २०६८) । परम्परागत शिक्षा पद्धतिमा गुरुकुल/आश्रम, गोन्पा तथा विहार र मदरसा गरी तीन किसिमका (धार्मिक पृष्ठभूमि भएका) शिक्षा पद्धति प्रचलनमा छन् । धार्मिक एवम् सांस्कृतिक आस्था र विश्वाससँग सम्बद्ध फरक फरक शिक्षणशैली अँगालेर सञ्चालित यस्ता संस्थामध्ये गुरुकुल, आश्रम र मठमन्दिरहरूले हिन्दु परम्परालाई प्रतिबिम्बित गर्छन् भने गोन्पा र विहारहरूले बौद्ध परम्परा तथा मदरसाले इस्लाम परम्परालाई प्रतिनिधित्व गर्छन् (वडाल,२०७७) । यस तथ्यले नेपालको परम्परागत शिक्षाले फरक फरक मान्यतालाई अगालेको स्पष्ट हुन्छ ।

नेपालमा औपचारिक शिक्षाको इतिहास लामो छैन । नेपालको शैक्षिक इतिहासमा प्राचीन र मध्यकालको मौलिक अवस्था, एकीकरणको समयमा उपेक्षित शिक्षा व्यवस्था र राणाशासन काल शिक्षा विकासको विरोधको अवस्थाको रूपमा अगाडि बढेको थियो । नेपालमा आधुनिक शिक्षाको सुरुवात सँगै शिक्षा थप औपचारिक बनेको हो । नेपालले सन् २०१५ सम्म विश्वव्यापी रूपमा सबैका लागि शिक्षा प्रदान गर्ने अन्तरराष्ट्रिय प्रतिबद्धता जाहेर गरे सँगै राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वनय गरिरहेको परिप्रेक्ष्यमा नेपालमा विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा स्थानीयता जोडन दुईवटा प्रयास गरिएको देखिन्छ । शिक्षणको माध्यमबाट केन्द्रीय पाठ्यक्रमलाई स्थानीयतासँग जोडन तालिमलाई आधार मानिएको छ । पाठ्यपुस्तकमा पनि स्थानीयता जोडन सकिने खालका उदाहरणहरू दिइएका छन । यस बाहेक स्थानीय सरकारहरूले स्थानीय पाठ्यक्रम बनाउँने र कार्यान्वियन गर्ने प्रवन्ध पनि गरिएको छ । जुन शिक्षामा विकेन्द्रीकरणको अभ्यास हो । गुरुकुल तथा सार्वजनिक विद्यालयमा स्थानीयता शिक्षाको विकास, संवर्धन र प्रवर्धनका लागि के कस्ता नीतिगत व्यवस्था गरिएको छ ? विश्लेषण गर्ने प्रयास यहाँ गरिएको छ ।

## अध्ययनको समस्या तथा विधि:

नेपालमा धेरै खालका विविधता धेरै छन् । हिमाली भेकका उच्च हिमशृङ्खला, पहाडी भेगका विविध जलवायुयुक्त रमणीय भाग र उपत्यका, तराई मधेश भेकका समतल र उर्वराभूमिका साथै तराईदेखि उत्तरहिमाल बिचको भिन्न भिन्न जलवायुले नेपालको भौगोलिक, सामाजिक तथा सांस्कृतिक पक्षहरूमा विविधता र विशिष्टता प्रदान गरेको छ । नेपालमा विविध कला, धर्म, भेशभूषा र रहनसहन छ । यहाँ मठ मन्दिर, गुम्बा, मस्जिद, चर्च, धर्मशाला, पाटीपौवा, देउराली, चौतारी एवम् ढुङ्गे धाराहरू र पधेराहरू छन । यी विविध सामाजिक, आर्थिक क्रियाकलापका, सांस्कृतिक सभ्यता र चाडपर्वप्रतिको सद्भाव पनि विशिष्ट छ । यस्तो परिस्थितिमा नेपालको औपचारिक शिक्षा र यसका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूले सबै खाले विविधता समेटन सक्दैन । यसै सन्र्दभमा मूलधारीकरण अन्तर्गतका नेपालका गुरुकुल र सार्वजनिक विद्यालय शिक्षामा स्थानीय विषय (पाठयक्रम) सम्बन्धी नीतिगत प्रावधान के कस्तो रहेको छ ? पहिचान गर्नुलाई लेखको मुख्य समस्याको रुपमा लिइएको छ । अध्ययनको

क्रममा विभिन्न प्रकाशित, अप्रकाशित लेख, रचना, नेपाल सरकारमा विभिन्न समयका शिक्षा आयोग (संवत् १९९६,२०१०,२०२८,२०४९ र २०६३) र आयोगहरूले पेश गरेका प्रतिवेदनहरू र अन्य ऐतिहासिक दस्तावेजहरूलाई द्वितीय स्रोतका रुपमा प्रयोग गर्नुका साथै वर्णनात्मक अनुसन्धान विधिको माध्यमबाट तथ्य सूचनाहरूको व्याख्या विश्लेषण गरिएको छ ।

## परिणाम र छलफल

### स्थानीयता शिक्षा अवधारणाः

संसारमा स्थानीय ज्ञान सिप सिकाइका तरिकामा समानता छैन । विश्वका धेरै देशहरू ले शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम ढाँचाअनुसार अगाडि बढाएको पाइन्छ । त्यसमा स्थानीय सामग्री/विषयवस्तु बिना विस्तृत राष्ट्रिय पाठ्यक्रम ढाँचा भएका देशहरूमा जापान, मलेसिया, म्यानमार, कोरिया, सिङ्गापुर थाइल्याण्ड प्रमुख छन् भने राष्ट्रिय पाठ्यक्रम ढाँचामा नै स्थानीय विषयवस्तु समावेश गरेका देशहरूमा कम्बोडिया,चाइना, इन्डोनेसिया र फिलिपिन्स छन् । जिल्लाहरू र राज्यहरूले आफ्नो विवेकको मार्गदर्शनका आधारमा पाठ्यक्रम लागू गर्न स्वतन्त्र रहेका फराकिलो राष्ट्रिय पाठ्यक्रम ढाँचा भएका देशहरूमा अष्ट्रेलिया, भारत र न्युजिल्यान्ड छन् (यूनेस्को, २०१४)। त्यसै गरी इन्डोनेसियाको शिक्षा कानूनले मानव अधिकार, सांस्कृतिक बहुलवाद, सँगै बस्न सिक्ने, नैतिकता, चरित्र निर्माण, र युवाहरूमाझ एकताको सम्मान गर्न खोज्छ । जापानमा नगरपालिका र विद्यालयहरूलाई पाठ्यक्रम र संस्थासँग सम्बन्धित मामिलामा निर्णय गर्ने अधिकार बढी छ । यी विद्यालयहरूले राष्ट्रिय आवश्यकताहरू भन्दा फरक कार्यक्रमहरू पछ्याउन सक्छन् । कोरियामा सरकारले विद्यालयलाई पाठ्यक्रमको विषयवस्तु निर्धारण गर्ने अधिकार दिने गरी राष्ट्रिय पाठ्यक्रम परिमार्जन गरेको छ । यसको विपरीत, सिंगापुरमा, धार्मिक र सामुदायिक विद्यालयहरूलाई शिक्षा ऐन पालना गर्ने शर्तमा उनीहरूको विशिष्ट चरित्र कायम राख्न अनुमति दिइन्छ (टाई,२०१२) । शिक्षामा विषयगत मूल्यहरूको प्राथमिकतालाई हेर्दा भारतका विद्यालयहरूमा विश्वव्यापी सामाजिक र नैतिक मूल्यहरू, राष्ट्रिय र सांस्कृतिक मूल्यहरूको सिकाईमा जोड छ । इन्डोनेसियाका विद्यालयहरूमा नागरिक शिक्षा र धार्मिक शिक्षा पढाइन्छ । जापानी र मलेसियाका विद्यालयहरूमा नैतिक शिक्षा पढाइन्छ । तर मलेसियामा मुस्लिम विद्यार्थीहरूले इस्लामिक शिक्षा सिक्छन् । सिङ्गापुरमा राष्ट्रिय सद्भाव र सामाजिक एकता प्रवर्द्धन गर्ने उद्देश्यले नागरिकता वा नागरिक शिक्षा र सामाजिक अध्ययनहरू पढाइन्छ । यसको विपरीत, कोरियाका सार्वजनिक विद्यालयहरूले धर्म वा धार्मिक मूल्यहरू सिकाउन सक्दैनन् । चीनमा मार्क्सवादी दर्शन र मार्क्सवाद(लेनिनवादी)माओत्सेतुङ विचार अनिवार्य विषय हो (Tie, 2012) । यी तथ्यलाई विश्लेषण गर्दा एशियाका अधिकांश देशहरू विशेष गरी भारत, जापान र चिन, मलेसियामा र सिङ्गापुरमा स्थानीय ज्ञान सिप सिकाइका लागि अलग्गै पाठ्क्रम रहेको देखिदैन । राष्ट्रिय पाठ्यक्रममा स्थानीय विषयवस्तु समावेश गरी सिकाइन्छ । जापानमा अन्तराष्ट्रिय कुरालाई पहिला पढाइन्छ र स्थानीय ज्ञान सिपका कुरालाई अन्तराष्ट्रिय विषयसँग जोडिन्छ । चिनमा स्थानीय ज्ञान सिप पढाइदैन । प्रदेश र केन्द्रको क्रमश पढाइन्छ । यो स्थितिमा नेपालको स्थानीय शिक्षा (ज्ञान सिप) सम्बन्धी नीतिगत व्यवस्था के हो ? ती देशहरूको भन्दा हाम्रो नीतिगत व्यवस्था फरक हो ? यस्ता प्रश्नहरू समस्याको रूपमा हुन सक्छ ।

नेपालका गुरुकुलहरूले पौरत्स्य दर्शनको शिक्षा र अन्य सार्वजनिक विद्यालयहरूले आधुनिक शिक्षाको प्रतिनिधित्व गर्दछन् । पाठ्यक्रम विकास केन्द्र, (क)(२०७६.)ले निर्धारण गरे अनुसार नेपालको विद्यालय शिक्षाको तहगत संरचना र उमेरको ब्यवस्थालाई हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ ।

एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको रहने व्यवस्था छ । नेपालको परम्परागत शिक्षामा गुरुकुल र मदरसा विद्यालयहरू अभ्यासमा छन्

पौरत्स्य दर्शनले परा वा वह्मविद्याका लागि आसन, प्राणायाम, ध्यान, योग, तथा समाधिका अभ्यासलाई संस्थागत गऱ्यो । अपरा वा भौतिक विद्याका लागि आचार्य, गुरु, तथा उपाध्यायले सन्तुलित ज्ञान सिकाउँदछन् । यो नै शिक्षामा गुरुकुल परम्परागत हो । स्थानीयता शिक्षा सन्दृर्भमा टोम वेन्टेलेको लर्निङ बियन्ड द क्लासरूम नामको पुस्तकमा युके र अन्य देशहरूका परियोजनाहरूको समीक्षा गर्दै विद्यालय र कलेजहरूलाई संस्थाको रूपमा अझ प्रभावकारी बनाउन पैसा र प्रयास जारी राख्नुको सट्टा हामीले विद्यालय र समाज बीचको सम्बन्धमा ध्यान केन्द्रित गर्नुपर्छ, । टम बेन्टले तर्क गर्छन् कि, बढ्दो जटिल समाजमा, हामी युवाहरूलाई फस्टाउन आवश्यक पर्ने समझ र व्यक्तिगत गुणहरू प्रदान गर्न समर्पित शिक्षकहरूमा मात्र भर पर्न सक्दैनौं । प्रभावकारी शिक्षा कक्षाकोठाभन्दा बाहिर विस्तार गर्नुपर्नेछ, (Bentely, 1998)। यो विचारले स्थानीयता शिक्षा वा विषयवस्तुलाई महत्व दिन्छ ।

नेपालका विद्यालय शिक्षाको पाठ्यक्रमहरूमा सबै तहगत र कक्षागत उद्देश्यहरू तथा सक्षमताहरू निर्धारण गरिएका छन् । केन्द्रीय निकायले आफै निर्माण गरी कार्यान्वयनमा ल्याउने पाठ्यक्रम केन्द्रीय पाठ्यक्रम हो । यो औसत राष्ट्रिय आवश्यकतालाई हेरी तयार गरिन्छ । यस प्रकारको पाठ्यक्रमले स्थानीय आवश्यकतालाई प्रतिनिधित्व गर्न सक्दैन । पाठ्यक्रम विकास केन्द्र (२०६७) मा स्थानीय पाठ्यक्रम सम्बन्धमा स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो भनि परिभाषित गरेको छ । त्यसैले स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाहरूले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिन्छ । पाठ्यक्रमले परम्परागत ज्ञान, सीप, स्थानीय ज्ञान उजागर गर्दछ । स्थानीयतालाई जोड दिन्छ । स्थानीय ज्ञानको खोजी गर्दछ र नविनतम ज्ञान एवं सीपको विकास सहयोग पुऱ्याउँदछ । स्थानीयता शिक्षालाई जोडदिएर स्थानीय सरोकारवालाले स्थानीय विषयहरूको छनौट गरी पठनपाठन गराउने अधिकार प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा १-३ (२०६२) र कक्षा ४-५ (२०६५) देखि प्राप्त छ । यो तथ्यलाई हेर्दा स्थानीय शिक्षाले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका कतिपय स्थानीय आवश्यकतामुखी ज्ञान सीप, अनुभवजन्य विषयवस्तु समेटिएको शिक्षा स्थानीयता शिक्षा हो । नेपालमा स्थानीयता शिक्षालाई स्थानीय पाठ्यक्रमको समानार्थी रूपमा लिने गरिन्छ ।

## स्थानीयता शिक्षा र नीतिगत अवस्थाः

प्राचीन कालीन शिक्षाको परम्परामा समाजमा प्रचलित रीतिरिवाज, चालचलन, विश्वास, जीवनको आदर्श, धर्मप्रति जनसाधारणको धारणा र सामाजिक मान्यतामा आधारित पारिवारिक शिक्षादिक्षाको परम्परा थियो । शिक्षाको पिढीगत हस्तान्तरण थियो । आमा र सासूहरू छोरी र बुहारीहरूलाई घर गृहस्थका आवश्यक कुरामा तालिम दिन्थे । वर्णाश्रम व्यवस्थामा शिक्षा उपार्जनको निमित्त वह्मचर्याश्रम निर्धारण थियो । वैदिक शिक्षामा गुरुकुल, ऋषिकुल र पितृकुल प्रणाली प्रचलित थियो । जहाँ वेद शिक्षाको आधार थियो । बौद्ध शिक्षा बुद्धको उपदेश तथा बुद्धदर्शनमा आधारित वर्णभेद विहिन शिक्षा हो । प्राकृतिक तथा पालीभाषा बौद्ध दर्शन तथा साहित्य, त्रिपिटक र जातक आदि पढाइका विषय थिए । लिच्छविकालमा राष्ट्रले शिक्षालाई ऐच्छिक रुपमा लिएको कारण सर्वसाधारण

जनता कमैमात्र शिक्षित हुन्थे । मल्लकालमा मल्ल राजाहरूले जनतालाई शिक्षादिने कुरालाई आफ्नो कर्तव्य ठानेनन् । केबल जयस्थिति मल्लले आफ्ना प्रजालाई करिब छैसट्ठी व्यवसायी समूहमा ब्यावसायिक शिक्षा सिप प्रदान गरेको इतिहास छ । बाईसी र चौबिसे राज्यमा पुराना हस्तलिखित ग्रन्थको माध्यमबाट शिक्षा दिने गरेको र शिक्षामा संस्कृत भाषा बढी प्रयोग थियो । कर्णाली प्रदेशमा खस भाषा सरकारी भाषा थियो । यो पछि गोर्खा सम्म फैलियो पृथ्वीनारायण शाहले नेपाल अधिराज्यको एकीकरण गरेपछि खस भाषालाई नै अधिराज्यको राष्ट्रभाषा बनाइदिए (शर्मा,२०६८) । यो तथ्यले लिच्छवीकालदेखि शाहकालीन शासन व्यवस्थाको शुरुवात सम्म केही घरायसी व्यवसाय र स्थानीय भाषाको प्रयोग नै स्थानीयता शिक्षाको रुपमा लिन सकिन्छ ।

शाहकालीन शिक्षाको जन शिक्षातर्फ हात बढेन । जंगबहादुरराणाले बेलायती शिक्षालाई त्यहाँको विकासको आधार माने र पछि नेपालमा विक्रमसंवत १९१० मा अंग्रेजी प्राथमिक स्कूल (दरबार स्कुल) स्थापना गरे । यो कार्य नै नेपालको आधुनिक संस्थागत शिक्षाको पहिलो पाइला थियो । यसमा कलकत्ता विश्वविद्यालयक वाट निर्धारित पाठ्यक्रम पढाइन्थ्यो । शिक्षणमा अंग्रेजी भाषाको भार बढी थियो । तत्कालीन दरबार स्कुलको पाठ्यपुस्तकमा नेपाली राष्ट्रियता र राष्ट्रप्रेमको भावना जागृत गराउने विषय समावेश हुन सकेको थिएन (शर्मा,२०६८) । यो तथ्यले प्रजातन्त्र पूर्वको शिक्षामा स्थानीय विषय सहितको शिक्षाको अभाव थियो । आधुनिक शिक्षाको प्रवेशले परम्परागत शिक्षाका मूल्यमान्यताहरू ओझेलमा परेका थिए । विक्रम संवत १९४१ पछि संस्कृति शिक्षामा अंकगणित विज्ञान र सामाजिक विषयहरू समाबेस गरिएको थियो । विक्रम संवत २००४ सालको आधार शिक्षाको उद्देश्यमा शिक्षा र व्यावसायिक ज्ञानलाई सँगै एकीकृत रुपमा अघि बढाउने जस्ता शिक्षाका उद्देश्य रहेका थिए । आधार पाठशालामा पढाउने व्यवसायिक विषयमा घागो कटाइ, बुनाई, तरकारी खेती, छपाई, काष्ठकार्य, घातुकार्य, छालाकार्य, माटो कार्य माछापालन र मातृभाषा र सामाजिक शिक्षा, साधारण विज्ञान, चित्रकला, हिन्दी र सङ्गीत आदि विषय राखिएका थिए । यी स्थानीय शिक्षाका अंश थिए ।

विक्रम सम्वत् १९५७ मा देवशमशेर प्रधानमन्त्री बनेपछि नेपाली भाषालाई प्राथमिकता दिई भाषा शिक्षणबाट सुरुमा प्राथमिक कक्षा सुरु गर्ने मनशायले नेपाली भाषामै पाठ्यक्रम निर्माण गरिएका थिए (मल्ल र अन्य, २०५४) । संवत् १९९६ सालमा प्रकाशित शिक्षा इश्तिहार दफा ४ मा सवै क्लासमा शिक्षा विभागबाट प्रकाश भएको पाठ्यक्रम बमोजिम पढाउने साथै अङ्ग्रेजी र हिमाब बाहेक अरु विषयको शिक्षाको माध्यमिक ( माध्यम) नेपाली भाषा गराउनु पर्छ (शर्मा,२०६८) भनि उल्लेख छ । २००७ सालको राजनैतिक परिवर्तनपछि १०४ वर्षको राणा हुकुमी शासन अन्त्य भयो । शिक्षा मन्त्रालयको शैक्षिक विषयमा पूर्ण अधिकार प्राप्त भयो । विद्यालयको पाठ्यक्रम तथा सिलेवस निर्धारण गर्ने काम शिक्षा मन्त्रालयको जिम्मामा आयो (शर्मा, २०७१) । त्यसपछि नेपालको शिक्षा विकासमा विभिन्न शिक्षा आयोग तथा समितिहरूले कार्य गरे । त्यस पछि पाठ्यपुस्तक, श्रव्यदृश्य सामग्री प्राथमिक विद्यालयमा पढ्ने बालबालिकाहरूको लागि निशुल्क उपलब्ध गर्ने र व्यावसायिक र प्राविधिक शिक्षातर्फ विशेष ध्यान दिनुपर्ने साथै संस्कृत शिक्षा हाम्रो मुलुकको संस्कृति तथा सभ्यतासँग अन्त्यन्त घनिष्ट सम्बन्ध भएकोले यसलाई विशेष प्रोत्साहन दिने नीति अगाडि ल्यायो । राष्ट्रिय शिक्षा योजना २०११ को प्रतिवेदनमा प्राथमिक स्कुलका पहिला दुई ग्रेडमा शिक्षाको माध्यम अंग्रेजी र हिन्दी दिनुहुँदैन । नेपाली हुनुपर्छ । हाम्रो देश कृषिप्रधान हो त्यसकारण हाम्रा स्कूलहरूले छात्राछात्रलाई जीविका चलाउन सिकाउनु पर्दछ । प्राथमिक स्कुलको पाठ्यक्रममा नेपाली, हिसाब, भूगोल सामान्य ज्ञान र उद्योग राख्नुपर्छ । माध्यमिक स्कुलले हस्तशिल्प, कृषिमा ज्ञान, कलापूर्ण दक्षता प्राप्त गर्ने खालको रोजगारी शिक्षा अनिवार्य हुनुपर्ने भनेको छ । प्रौढ शिक्षामा खेतीको काम र घरधन्दाका क्लासहरू सुरुगर्ने सुझाव छ । तत्कालीन शिक्षाको आवश्यकता सन्दर्भमा शिक्षाको संसारमा हामीले

आफ्नो ठाउँ पाउनु पर्छ भने साँस्कृतिक परम्परालाई बचाउने शिक्षा हुनुपर्छ भनिएको छ । आयोगको पाठ्यक्रमसम्बन्धी सिफारिसलाई हेर्दा नेपालको बदलिँदो सांस्कृतिक लक्षण र आवश्यकतालाई हेर्दा आजको अथवा भोलि हुने प्रत्येक स्थानीय आवश्यकतालाई लिएर कुनै एक पाठ्यक्रम बनाउन सकिँदैन । सरकारको आधिकारिक पाठ्यक्रमलाई नै आधार मानी प्रत्येक स्थानीय शिक्षकवर्गले पाठ्यक्रममा लेखिएको रूपरेखा अनुसार ज्ञान सीपलाई स्थानाकुल,वर्गानाकुल  गराउने र सिकाउने स्वतन्त्रता पाउनुपर्दछ (शर्मा,२०५९)  भनिएको छ । यस तथ्यले स्थानीयता शिक्षा वा ज्ञान सीपलाई आयोगले स्वीकार गरेको देखिन्छ । स्थानीयता शिक्षामा के कुरालाई जोड दिने भन्ने कुरा आयोगले शिक्षकलाई स्वतन्त्रता प्रदान गरेको देखिन्छ राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ सँगै नेपालमा आधुनिक शिक्षाको प्रारम्भ भयो । यसले देशभर एउटै किसिमको स्तरीय शिक्षा लागू गर्ने, शिक्षाको अवसर धेरैलाई दिने केन्द्रीकृत पाठ्यक्रमको अवधारणालाई अगाडि ल्यायो (मल्ल र अन्य, २०५४) ।

नेपालको विकेन्द्रीकरण ऐन २०४२ ले जिल्ला पञ्चायतहरूलाई जिल्ला पञ्चायत सचिवालयको रूपमा परिणत गरी जिल्ला शिक्षा कार्यालयलाई सचिवालयको शाखाको रूपमा परिणत गरेपछि नेपालको शिक्षामा विकेन्द्रीकरणको औपचारिक सुरुवात भएको हो (सिन्हा, २०६३) । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो विद्यालयमा राष्ट्रिय शिक्षाका उद्देश्य र लक्ष्यसँग मेलखाने गरी छुट्टै पाठ्यक्रम तयार गरी लागू गर्न सक्नेछ । बहुभाषिक समुदायका बालबालिकाहरूलाई स्थानीय मातृभाषाको अध्ययन गर्न प्रोत्साहन गर्नुपर्छ साथै नेपाली मातृभाषा नभएका क्षेत्रका विद्यालयमा शिक्षाको माध्यमको रुपमा राष्ट्रिय भाषाहरूको प्रयोग गर्न सकिने भनी सुझाव छ (शर्मा २०५९)  यस तथ्यबाट केही स्पष्ट हुन्छ भने राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले स्थानीय शिक्षामा भाषा विषयलाई महत्व दिनुको साथै कुनै पनि विद्यालयले स्थानीय ज्ञान सीपलाई समेटेर छुट्टै पाठ्यक्रम बनाई स्थानीय रुपमा लागू गर्नसक्ने आधार प्रदान गरेको देखिन्छ । हाल २०६२ साल देखि स्थानीय सरोकारवालालाई स्थानीय विषयको छनोट गरी पाठ्यक्रम निर्माण र त्यसको कार्यान्वयन गर्ने जिम्मेवारी छ । प्रारम्भिक बालविकास निर्देशन [प्राबानि] (२०६२) ले बालबालिकाको सामाजिक परिवेश अनुसार विविध शैक्षणिक क्रियाकलापको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ र त्यसका लागि पाठ्यक्रम बालबालिकाको रुचि, क्षमता र आवश्यकतालाई प्राथमिकता दिने, परिवार समुदायमा रहेका संज्ञानात्मक र मानवीय स्रोतको प्रयोगका साथै बालबालिकाको सिकाइमा व्यक्ति, ठाउँ र वस्तुसँगको संम्पर्क र सम्बन्धलाई मान्यता प्रदान गर्ने खालको हुनुपर्दछ भनिएको छ । यो तथ्यले बालबालिकाहरूको शिक्षामा स्थानीय शिक्षाका विषयवस्तुको अनिवार्यतालाई पुष्टि गर्दछ

नेपालको संविधान २०७२ को अनुसूची ८ मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकार प्रत्यायोजन गरिएको छ । संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य हो । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचालगायत विषयमा स्पष्ट मार्गदर्शन गरेको छ । यो तथ्यले पनि स्थानीय शिक्षा व्यवस्थापनमा स्थानीय सरोकारवालाहरू र निकायहरूको अग्रणी भूमिका हुने तर्फ संकेत गर्दछ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ को आफ्नो एउटा उद्देश्यमा नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु रहेको सो प्राप्तिका लागि  रणनीतिका रुपमा साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आवद्ध गर्ने साथै परम्परागत शिक्षाको मूलप्रवाहीकरण एवं वैकल्पिक र खुला

शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहूँच अभिबृद्धि गर्ने भनिएको छ (पाठ्यक्रम विकास केन्द्र,२०७६) । यो कुराले अनौपचारिक शिक्षाका आजीवन सिकाइका पेसा एवं व्यवसाय र सामाजिक जीवनका बिषयवस्तु पनि स्थानीय ज्ञानका क्षेत्र हुन भन्ने तर्फ संकेत गर्छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको नीति अनुरुप स्थानीय तहद्वारा आफ्नो स्थानको मातृभाषा, लिपि, साहित्य एवं संस्कृति संरक्षण, विकास गरी सो भाषाको पठनपाठन गर्न सक्ने व्यवस्था मिलाइने र नेपाली भाषाको शिक्षणलाई प्रबर्द्धन गर्दै नेपाली मौलिक कला, संस्कृति, सामाजिक अध्ययन सम्बन्धी विषय नेपाली भाषामा पठनपाठन गरिनेछ । गणित, अंग्रेजी भाषा, सामाजिक, व्यावसायिक तथा स्वावलम्बनका विषयहरूमा पनि स्थानीयकरण गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन सम्बन्धित स्थानीय तह तथा विद्यालयहरूलाई सोको लागि सक्षम बनाइने भनिएको छ । विद्यालय शिक्षाको समकक्षीता वारे राष्ट्रिय शिक्षा नीति २०७६ को नीति १०.२७ मा अनौपचारिक, खुला र परम्परागत बिद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आबद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने (शिक्षा मन्त्रालय, २०७६) भनिएको छ । यो तथ्यले विद्यालयबाट प्रदान गरिने मुख्य विषयको ज्ञानमा पनि स्थानीयकरणको आवश्यकता स्वीकार गरेको पुष्टि हुन्छ ।

वर्तमान समयमा राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७१ अनुसार आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा भएको प्रावधानअनुसार स्थानीय तहले मूलधारिकरणका गुरुकुल र अन्य विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरिएको छ । उक्त प्रारूपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रूपमा १६० घण्टा तथा कक्षा ४-८ का लागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक पाठ्यघण्टा १२८ निर्धारण गरेको छ । त्यसै गरि स्थानीय विषयको सम्बन्धमा गुरुकुल शिक्षाको लागि पाठ्यक्रम विकास केन्द्र (२०६८) ले साधारण विद्यालयतर्फको आधारभूत तहको पाठ्यक्रममा व्यवस्था भएबमोजिम गुरुकुल शिक्षातर्फको आधारभूत तहमा सामाजिक अध्ययनको वार्षिक ३२ घन्टी तथा सिर्जनात्मक कला विषयको वार्षिक १९ घन्टी रहने गरी २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम तथा पाठ्यसामग्री गुरुकुल आफैँले निर्माण गर्न सक्ने छ भनी निर्धारण गरेको छ । पाठ्यक्रम विकास केन्द्र,(२०७६)मा गुरुकुल शिक्षातर्फ (कक्षा ४-५) स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने व्यवस्था छ । तर अधिकांस गुरुकुलमा स्थानीय पाठ्यक्रमको सट्टामा कर्मकाण्ड बिषय अभ्यासमा छ । मदरसा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने व्यवस्था छ। स्थानीय विषयको छुट्टै बिषय क्षेत्र तोकिएको छैन ।

नेपालको शिक्षामा शैक्षिक विकेन्द्रीकरणको अवधारणा स्वीकार गरिएको छ । स्थानीय आवश्यकतामा आधारित शिक्षालाइं महत्व दिइएको छ । शिक्षा मन्त्रालय (२०७६) मा विद्यालय पाठ्यक्रमका सम्बन्धमा भएको नयाँ राष्ट्रिय नीति २०७६ मा विद्यालयहरूले सम्बन्धित स्थानीय सरकारसँगको समन्वय तथा सहयोग र स्वीकृतिमा कक्षा १-३ का लागि ५ पाठ्यभार र कक्षा ४-८ का लागि अभिभावक, स्थानीय विज्ञ तथा अन्य सरोकारवालाहरू को सहभागितामा स्थानीय पाठ्यक्रमको विकास गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारहरूलाई हस्तान्तरण गरिएको छ । ४ पाठ्यभारको छुट्टै स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ । यी तथ्यहरूमा पनि शिक्षामा स्थानीय ज्ञान सीपको छनौटको अधिकार स्थानीय सरोकारवालाहरूमा रहेको पुष्टि हुन्छ ।

**निष्कर्ष :**

नेपालमा विद्यालय शिक्षाको विकास अनियमित स्वरुप हुँदै औपचारिक पद्धतिबाट अगाडि बढेको देखिन्छ । विद्यालय शिक्षामा आधारभूत र माध्यमिक गरी दुई तह छन् । एक वर्ष अवधिको प्रारम्भिक बालविकास पछि एकदेखि आठ कक्षासम्म आधारभूत तह र कक्षा नौ देखि बाह्र सम्मको माध्यमिक शिक्षा संरचना छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यवसायिक गरी तिन धारमा रहेको छ । विद्यालय शिक्षामा केन्द्रीकृत पाठ्यक्रम लागू छ भने स्थानीय विषय वा पाठ्यक्रम निर्माणका लागि स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरिएको छ । शिक्षाका राष्ट्रिय नीति नियम केन्द्रीय सरकारवाट निर्माण गरिन्छ भन्ने यीनै नीति नियम अधीनमा रही प्रदेश तथा स्थानीय सरकारहरूले स्थानीय शिक्षासम्बन्धी नीति निर्माण गरी लागु गर्न पाउने कानुनी व्यवस्था छ । नेपालमा विद्यालय शिक्षाको पाठ्यक्रम निर्माणमा पाठ्यक्रम विकास केन्द्रको अग्रणी भूमिका छ । शिक्षाका लागि विकेन्द्रीकरण ऐन २०४२ देखि राष्ट्रीय पाठ्यक्रम प्रारूप २०७६ जस्ता करीव एकदर्जन नीतिहरू बनाई कार्यन्वयनमा रहेका छन् । नेपालको संविधान २०७२, राष्ट्रिय शिक्षा नीति २०७६ र पधौं योजनामा समेत स्थानीय शिक्षा सम्बन्धमा स्पष्ट मार्गनिर्देशन गरिएको छ ।

नेपालको स्थानीयता शिक्षा सम्बन्धी औपचारिक इतिहास छोटो छ । एसियाका मुलुकहरू विशेषगरी भारत, जापान, चीन, मलेसिया र सिंगापुरमा स्थानीय ज्ञान सीप र सिकाइका लागि अलग्गै पाठ्यक्रम रहेको देखिँदैन । राष्ट्रिय पाठ्यक्रममा स्थानीय विषयवस्तु समावेश गरी सिकाईन्छ । नेपालमा योभन्दा भिन्न अभ्यास छ । यहाँ आधारभूत तहसम्मका लागि छुट्टै स्थानीय पाठ्यक्रम निर्माणको व्यवस्था छ । स्थानीय पाठ्यक्रम निर्माणको जिम्मा स्थानीय सरकार र सरोकारवाला स्थानीय निकायमा निहित छ । स्थानिय शिक्षाका लागि निर्माण गरिएका नीतिगत व्यवस्थाहरू पर्याप्त देखिएपनि यसको व्यवस्थापनमा परिवेश, लगानी र प्रक्रियागत पक्षमा अन्योल कायमै छ । ग्रामीण क्षेत्रका अधिकांश विद्यालयहरूमा सबै तहका लागि स्थानीय पाठ्यक्रम निर्माण हुन सकेका छैनन् भने शहरी क्षेत्रका विद्यालयहरूमा स्थानीय सरकारहरू स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरेको पाइन्छ । मूलधारिकरणामा गएका गुरुकुलहरू लागि स्थानीय शिक्षा वा पाठ्यक्रमको नीतिगत व्यवस्थामा समानता रहेपनि कार्यान्वयनको पक्षमा कमजोरी देखिन्छ । यसो हुनुमा सार्वजनिक विद्यालयहरू र परम्परागत विद्यालयहरूको शैक्षिक मान्यता फरक रहनु एउटा कारण हो । गुरुकुलहरूका अधिकांश विद्यालयमा स्थानीय पाठ्यक्रम भन्दा कर्मकाण्ड विषय अभ्यासमा ल्याईएको पाइन्छ । यो कुराले परम्परागत विद्यालयका लागि स्थानीय शिक्षासम्बन्धी पृथक नीतिगत व्यवस्थाको आवश्यकता रहेको देखिन्छ । समग्रमा नेपालमा स्थानीय शिक्षालाई केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय आवश्यकतामुखी ज्ञान सीप, अनुभवजन्य विषयवस्तु समेटिएको शिक्षाका रुपमा लिइनुका साथै स्थानीयता शिक्षा र स्थानीय पाठ्यक्रमलाई समानार्थी रूपमा लिने गरेको नीतिगत व्यवस्था र अभ्यासमा देखिन्छ ।

## सन्दर्भ सूची


पाठ्यक्रम विकास केन्द्र. (२०६८). *गुरुकुल शिक्षाको पाठ्यक्रम २०६८* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र,(पृ. ५-७)

पाठ्यक्रम विकास केन्द्र.(२०७६.क.), *राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, पृ.७-५२ ।

पाठ्यक्रम विकास केन्द्र. (२०६७) *स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री,* पाठ्यक्रम विकास केन्द्र, पृ.३

*प्रारम्भिक बालविकास दिग्दर्शन(पाठ्यक्रम). (२०६२).* नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग प्राथमिक बाल विकास शाखा पृष्ठ २-३ ।

बराल, खगराज .(२०७७). *नेपालका वर्तमान गुरुकुल र आधुनिक विद्यालय शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापन,* काठमाडौं : नेपाल संस्कृति विश्वविद्यालय अनुसन्धान केन्द्र, (अप्रकाशित विद्यावारिधी शोधप्रबन्ध) ।

मल्ल, कोमल बदन; श्रेष्ठ, तारामान र श्रेष्ठ, प्रकाशमान; शाक्य, सिद्धिरत्न; र भोमी, अरबिन्दलाल. (२०५४). *नेपालमा प्राथमिक शिक्षा,* काठमाण्डौं: त्रि.वि. डिनको कार्यालय शिक्षा शास्त्र संकाय (पृ.१७-२१)

सिन्हा,रामस्वरूप .(२०६३). *एक्काइशौं शताव्दीको शैक्षिक दुरदृष्टि,* काभ्रेअफसेट प्रेस पृष्ट २०४०-२६०

शर्मा, गोपीनाथ .(२०५९). *नेपालका शिक्षा आयोगहरू का प्रतिवेदनहरू ,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स, पृ.१-७६ ।

शर्मा, गोपीनाथ .(२०६८).नेपालमा शिक्षाको इतिहास, भाग १, काठमाडौं : मकालु प्रकाशन गृह, पृ.१४-१७४ ।

शर्मा, गोपीनाथ .(२०७१). नेपालमा शिक्षाको इतिहास भाग २, काठमाडौं : मकालु प्रकाशन गृह, पृ.२८-२९) ।

शिक्षा मन्त्रालय, (२०७६). *राष्ट्रिय शिक्षा नीति, २०७६,* काठमडौं : शिक्षा मन्त्रालय, पृ.७-३९

Bentley, T. (1998). *Learning Beyond the Classroom: Education for a Changing World* (1st ed.). Routledge. https://doi.org/10.4324/9780203201756 p 1-2

Tie, F. H. (2012). *Education Systems in Asia.* https://jscholarship.library.jhu.edu/bitstream/handle/1774.2/63230/Education-systems-in-asia-1.12.

UNESCO , (2014). *Education system in ASEAN+6 countries:* a comparative analysis of selected educational issue (http://www.unesco.org/open-access/terms-use-ccbysa-en).